# राजनीतिशास्त्र शिक्षाका लागि प्रभावकारी शिक्षण विधिहरू
# Effective Teaching Methods for Political Science Education

श्यामप्रसाद फुएल[1]
केशवराज पौडेल[2]

[१]सहप्राध्यापक
[२]उपप्राध्यापक
शिक्षाशास्त्र केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, नेपाल

**Email**
shyam.phuyal@cded.tu.edu.np
keshav.poudel@cded.tu.edu.np

प्रकाशन : २०८२ असार
Publish: 2025 June
Doi: https://doi.org/10.3126/bns.v28i1.77722

This is an open access article distributed under the terms and conditions of the Creative Commons Attribution (CC BY NC)
https://creativecommons.org/licenses/by/4.0
© 2025 by the author

**Journal**
विकासको निम्ति शिक्षा
Bikashko Nimti Shiksha
**ISSN:** 2616-0188 (Print)
3021-954X (Online)
**website:** https://www.nepjol.info/index.php/bns
**Published By**
Research Centre for Educational Innovation and Development (CERID)
http://cerid.tu.edu.np

## लेखसार

शिक्षणको प्रभावकारिताका लागि शिक्षण विधिको केन्द्रीय भूमिका रहन्छ। शिक्षणका लागि विधिले खाका र आधार प्रस्तुत गर्छ। शिक्षण सामयिक, चुनौतिपूर्ण र सङ्घर्षशील मानसिक कार्य भएको हुनाले शिक्षकले विषयवस्तुको प्रस्तुति सहजताका साथ गर्नुपर्छ। शिक्षण विधिले सिकाइका सम्बद्ध पक्षहरूबिच सहकार्य र समन्वय गर्न सक्नुपर्छ। शिक्षण विधिको चयनमा शिक्षकको भूमिका नै माथि रहे तापनि चयनका विभिन्न आधार हरूलाई शिरोधार्य गर्दै विद्यार्थी केन्द्रित विधिको प्रयोगमा जोड दिनुपर्छ। शिक्षण क्रियाकलापलाई विद्यार्थीको सिकाइसँग जोड्न सक्नुपर्छ। शिक्षण विधि चयनका मापदण्ड प्रस्तुत गर्दै राजनीतिशास्त्र शिक्षामा प्रयोगमा आउने प्रमुख विधिहरू व्याख्यान, छलफल, समस्या समाधान, प्रश्नोत्तर र क्षेत्र भ्रमण विधिको अवधारणा, सबल र दुर्बल पक्ष र कस्ता कस्ता विषयवस्तुको अध्ययनमा यी विधिको उपयोग गर्न सकिन्छ भन्ने आधारहरूको खोजी गर्नु यस लेखको प्रमुख उद्देश्य हो। प्रस्तुत अध्ययनले विधिको प्रभावकारिताका लागि चालिनुपर्ने कदमहरूको बारेमा समेत विश्लेषण प्रस्तुत गरेको छ। यो लेख पुस्तकालयीय, गुणात्मक र विश्लेषणात्मक अध्ययन विधिको उपयोग गरेर तयार पारिएको छ। अध्ययनको नतिजाको रूपमा व्याख्यान, छलफल, प्रश्नोत्तर, समस्या समाधानर र क्षेत्र भ्रमण विधि साध्य नभई साधन भएकाले यिनको प्रभावकारी उपयोगका माध्यमले शिक्षणलाई व्यावहारिक, फलदायी एवम् उपलब्धिमूलक  शिक्षकको क्रियाशीलता आवश्यक पर्छ। राजनीतिशास्त्र शिक्षा विषयको शिक्षणलाई अझ प्रभावकारी र व्यावहारिक बनाउन विधिका सकरात्मक पक्ष र व्यावहारिकतालाई ख्याल गर्दै उपयुक्त प्रयोग गरेमा शिक्षण बढी प्रभावकारी हुने निष्कर्ष प्रस्तुत गरिएको छ।

***शब्दकुञ्जी :*** मूल्याङ्कन, राजनीतिशास्त्र शिक्षा, शिक्षण विधि, शैक्षिक सामग्री, सिकारु

**How to cite this article (APA)**
English : Phuyal, S.P. & Poudel, K. P. (2025). Effective teaching methods for political science education. *Bikashko Nimti, Shiksha. 28*(1), 71-82. https://doi.org/10.3126/bns.v28i1.77722
**नेपाली :** श्यामप्रसाद, फुएल र पौडेल, केशवराज (२०८२), राजनीतिशास्त्र शिक्षाका लागि प्रभावकारी शिक्षण विधिहरू, *विकासको निम्ति शिक्षा,* २८(१), ७१-८२। https://doi.org/10.3126/bns.v28i1.77722

## Abstract

Teaching methods play a central role in the effectiveness of teaching. Methods provide a framework and basis for teaching. Since teaching is a timely, challenging and challenging mental task, the teacher should present the content with ease. Teaching methods should be able to collaborate and coordinate between the relevant aspects of learning. Although the role of the teacher is paramount in the selection of teaching methods, emphasis should be placed on the use of student-centered methods, taking into account various bases for selection. Teaching activities should be able to be linked to student learning. The main objective of this article is to explore the concepts, strengths and weaknesses of the main methods used in political science education, lecture, discussion, problem solving, question and answer and field visit methods, and the bases for studying which subjects these methods can be used. The present study has also presented an analysis of the steps to be taken for the effectiveness of the method. This article has been prepared using library, qualitative and analytical study methods. As a result of the study, since the methods of lectures, discussions, questions and answers, problem solving and field visits are not goals but tools, their effective use requires the diligence of the teacher to make teaching practical, fruitful and achievement-oriented. In order to make the teaching of political science education more effective and practical, it has been concluded that teaching will be more effective if the positive aspects and practicality of the methods are used appropriately.


***Keywords:*** Evaluation, political science education, teaching methods, educational materials, learners

## विषय प्रवेश

सामाजिक विज्ञानका विभिन्न विषयहरूमध्ये राजनीतिशास्त्र एक सर्वप्राचीन सामाजिक विज्ञानअन्तर्गत पर्ने विषय हो । सामाजिक विज्ञानका अन्य विषयझैँ यसको पनि अध्ययनको केन्द्र मनुष्य नै हो । यसले मूलतः मानिसको राजनैतिक क्रियाकलापको अध्ययनमा सहयोग पुऱ्याउँछ । मानिस हरहालतमा सामाजिक र राजनैतिक प्राणी हो । मानिसलाई आजीवन निरन्तर प्रभाव पारिरहने मृत्यु, शिक्षा, वातावरण, गरिबी जस्तै राजनीति पनि एक हो (फूएल, २०८१क) । राजनीति एक मानवीय र गतिशील प्रक्रिया हो । मानिस रहेको समाज भनेको राजनैतिक रूपले व्यवस्थित र मर्यादित समाज हो । आजको राजनैतिक गतिविधि र उपलब्धिको श्रेय मानिसलाई जान्छ साथै सबै राजनैतिक संरचनालगायत उसैलाई केन्द्रमा राखी निर्माण गरिन्छ । राजनीतिशास्त्र एक सैद्धान्तिक र प्राज्ञिक स्वरूपको विषय भएकाले गहिरो अध्ययनको लागि यसले प्रेरित गर्छ । राजनीतिशास्त्र शिक्षा शिक्षण सिकाइका तौरतरिका र सिप एवम् कलासँग सम्बन्धित विषय हो । यस विषयको विषयवस्तुलाई रोचक, प्रभावकारी एवम् सहजताका साथ विद्यार्थीमाझ पुऱ्याउन यसले सहयोग गर्छ । राजनीतिशास्त्र शिक्षाले राजनीतिशास्त्र विषयका शिक्षकलाई शिक्षणका कौशलताहरू प्रदान गर्दै विद्यार्थी केन्द्रित ढङ्गले विषयवस्तु सम्प्रेषित गर्न मदत गर्छ । यो महत्त्वपूर्ण शैक्षिक कार्यक्रम भएको हुनाले यसले शिक्षकलाई पाठ्यक्रमको विश्लेषण, उद्देश्यको निर्माण, प्रश्नपत्र निर्माण, मूल्याङ्कनका विभिन्न साधनहरूको प्रयोग गर्न, सामग्रीको छनोट निर्माण र प्रयोग, शिक्षण विधिको छनोट र उपयुक्त विधिको प्रयोगका लागि मदत पुऱ्याउने गर्छ ।

शिक्षण आफैँमा जटिल र मानसिक क्रियाकलापमा आधारित पेसा हो । कक्षाकोठामा शिक्षकले उद्देश्य प्राप्तिका लागि तोकिएका विषयवस्तु विद्यार्थीमाझ पुऱ्याउन अपनाउने वैज्ञानिक, व्यावहारिक र कलात्मक पक्षको समष्टिलाई शिक्षण-शास्त्र/शिक्षण-पद्धति भनिन्छ (शर्मा, २०६१क) । शिक्षणमार्फत विद्यार्थीको सबै पक्षको सकरात्मक विकास र व्यवहार परिवर्तनमा मदत पुग्नुपर्छ । शिक्षण कार्यनीति/रणनीति/कौशलताहरूसँग सम्बन्धित विषय हो जसका लागि शिक्षकले आवश्यकता र परिस्थितिअनुसार विभिन्न तरिकाहरू, रणनीतिहरू, कार्यहरू र विधिहरूको सावधानीपूर्वक प्रयोगमा ल्याउनु पर्छ । शिक्षकले आफूलाई कक्षाकोठामा निर्देशक, नियन्त्रक र व्याख्याताको रूपमा केन्द्रित नगरी मार्गदर्शक, सहयोगी, सल्लाहकार, प्रश्नकर्ता, सहजकर्ता, विद्यार्थीको असल मित्र तथा असल अभिभावकको रूपमा सुझबुझका साथ प्रस्तुत गर्नुपर्छ (Kochhair, 1967) । जसका लागि शिक्षण कौशलको ठूलो महत्त्व र आवश्यकता पर्छ । शिक्षणलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्दै विद्यार्थीको व्यवहारमा परिवर्तन ल्याउँदै विषयवस्तुलाई सहज ढङ्गले पुऱ्याउनका लागि उपयुक्त शिक्षण विधिको छनोट र प्रयोग गर्नुपर्छ । शिक्षण विधिलाई शैक्षिक रणनीतिहरू लागु गर्न प्रयोगमा ल्याइने विशिष्ट पद्धतिको रूपमा लिइन्छ (घिमिरे, २०६६) । शिक्षण गरिने पाठको प्रकृतिलगायत अन्य सबै पाटा र पक्षलाई मध्यनजर गर्दै उपयुक्त विधिको छनोटले मात्र तोकिएको उद्देश्य प्राप्त गर्दै विषयवस्तुप्रति विद्यार्थीहरूको कुशलता अभिवृद्धि गर्न सकिन्छ ।

राजनीतिशास्त्र शिक्षा विषयको शिक्षणका लागि शिक्षण विधिको छनोट र प्रभावकारी प्रयोगका लागि शिक्षकले विभिन्न आधारहरूको सूक्ष्म ढङ्गले अध्ययन र विश्लेषण गर्दै उपयुक्त निष्कर्षमा पुग्नु पर्ने हुन्छ । शिक्षण विधिको अवधारणा र छनोटका आधारहरू प्रस्तुत गर्दै राजनीतिशास्त्र शिक्षामा प्रयोगमा ल्याउन सकिने विधिहरूको प्रस्तुति यो लेखको एक प्रमुख उद्देश्य हो । यी विधिलाई प्रभावकारी बनाउने उपायहरूको खोजी गर्दै नमुना र दृष्टान्तहरू प्रस्तुत गर्नु पनि यो लेखको उद्देश्य रहेको छ । यो लेखले राजनीतिशास्त्र शिक्षा र विभिन्न सामाजिक विज्ञानका शिक्षकको शिक्षणलाई अझ प्रभावकारी एवम् सामयिक बनाउन मदत मिल्ने अपेक्षा गर्न सकिन्छ । शैक्षिक क्षेत्रका नीतिनिर्माता, पाठ्यक्रमविद्, शिक्षक, विद्यार्थीलगायतलाई यो विश्लेषणले आवश्यक सामग्री प्रदान गर्ने विश्वास लिइएको छ ।

## अध्ययनविधि

यो अनुसन्धानात्मक लेख गुणात्मक प्रकृतिको छ । यसमा प्रयोगमा आएका सबै स्रोतहरू द्वितीयक हुन् । यसमा उपलब्ध दस्तावेज, विद्यमान शैक्षिक सिद्धान्तहरू, पाठ्यक्रमहरू, शैक्षिक नीतिहरू, तथा विद्वानहरूका विचारलाई समेत आधार मानेर व्याख्या विश्लेषण गरिएको छ । अनुसन्धान मुख्य रूपमा वर्णनात्मक, विश्लेशणत्मक, तुलनात्मक र न्यून मात्रामा ऐतिहासिक पद्धतिको प्रयोगमा आधारित छ । वर्णनात्मक पद्धतिको प्रयोग गरी राजनीतिशास्त्र शिक्षणमा प्रयोग गरिने प्रभावकारी शिक्षण विधिहरूको चित्रण प्रस्तुत गरिएको छ जसअन्तर्गत तथ्य, अवस्था र अभ्यासहरूको स्पष्ट व्याख्या गरिएको छ । यसमा विश्लेशणत्मक पद्धतिअन्तर्गत वर्णन गरिएका तथ्यहरूको विवेचना र मूल्याङ्कन गरिएको छ । विभिन्न शिक्षण विधिहरूको प्रभावकारिता, प्रयोगका सन्दर्भहरू र तिनीहरूको परिणाममाथि आलोचनात्मक दृष्टिकोणबाट विश्लेषण गरिएको छ । यद्यपि अनुसन्धान तुलनात्मक प्रकृतिको छैन तर केहि प्रसङ्गहरूमा उदाहरणसहित तुलना प्रस्तुत गरिएको छ जसले शिक्षण विधिहरूको सान्दर्भिकता,

व्यावहारिकता तथा नीतिगत सुझावहरू प्रस्तुत गर्न मदत पुऱ्याएको छ। कतिपय अवस्थामा ऐतिहासिक दृष्टिकोणको समेत प्रयोग भएको छ जसले राजनीतिशास्त्र शिक्षणका प्रारम्भिक चरणहरू, अतितमा प्रयोग गरिएका विधिहरू र तिनको विकासक्रम बुझ्न मदत मिलेको छ।

यो अनुसन्धात्मक लेखले अनुसन्धानको सम्पूर्ण पद्धतिगत संरचना, विद्यमान दस्तावेज, प्रकाशित साहित्य, शैक्षिक लेख, शैक्षिक नीतिहरू तथा सम्बन्धित शैक्षिक निकायहरूको प्रतिवेदनमा आधारित रहेको छ। यसले विधि र दृष्टिकोणको सुस्पष्ट संयोजन मार्फत राजनीतिशास्त्र शिक्षणमा प्रभावकारी शिक्षण विधिहरूको समग्र अध्ययन प्रस्तुत गरेको छ।

## नतिजा र छलफल

विषयवस्तुको ज्ञान, धारणा र अनुभव आदानप्रदान गर्ने कार्यमा शिक्षण विधिको केन्द्रीय र महत्त्वपूर्ण भूमिका रहने गर्छ। शिक्षणमा विद्यार्थी र शिक्षकबिचको क्रियाकलापलाई रोचक, प्रभावकारी, आकर्षक, मर्यादित र उपलब्धिमूलक बनाउन शिक्षण विधिले हमेशा मदत पुऱ्याउने गर्छ। शिक्षण विधि एउटा यस्तो तरिका हो जसको उपयोगबाट एक व्यक्तिमा भएको ज्ञान, सिप र अनुभव सहज ढङ्गले अर्को व्यक्तिमा हस्तान्तरण गर्ने काम हुन्छ (फूएल, २०७५ख)। विधिले विद्यार्थी, शिक्षक र विषयवस्तुबिच न्यानो र घनिष्ट सम्बन्ध स्थापित गर्न मदत पुऱ्याउँछ। विधिलाई शिक्षणको तौरतरिकाको रूपमा समेत बुझ्ने गरिन्छ। शिक्षण विधिको प्रमुख उद्देश्य भनेको नै शिक्षण प्रक्रियाको निर्धारण गर्नु हो। कक्षाकोठामा विद्यार्थी माझ विषयवस्तु सहज ढङ्गले हस्तान्तरण गर्ने सिलसिलामा जे जति क्रियाकलापहरू शिक्षकले निर्वाह गर्छन् त्यो शिक्षणमा आधारित रही सम्पन्न गर्नुपर्छ।

### शिक्षण विधि छनोटका मापदण्डहरू

पाठ्यक्रमले राखेको उद्देश्य प्राप्तिका लागि र शिक्षणलाई प्रभावकारी एवम् उपलब्धिमूलक बनाउन शिक्षण विधि र शिक्षकको भूमिका निर्णायक हुन्छ। हामी कता जाने हो ? कता जान खोज्दै छौं ? भन्ने कुरालाई निर्दिष्ट गर्छ। विधिले सिकाइका सम्बद्धक्रियाकलाप, लक्ष्य, उद्देश्य र अन्य परिणाम र मूल्यबिचको सम्बन्धलाई कसिलो बनाउनमा मदत गर्छ (श्रेष्ठ, २०५५)। शिक्षकले राजनीतिशास्त्र शिक्षाको शिक्षण गर्दा आवश्यकताअनुसार विभिन्न विधिको अवलम्बन गर्नु पर्ने हुन्छ। सिकाइ भएन भने शिक्षणलाई अघुरो मानिने हुनाले विधिको छनोट होसियारीपूर्वक गर्नुपर्छ। विधि छनोट उपयुक्त भएमा मात्र शिक्षण उत्पादनशील र प्रभावकारी हुन्छ। शिक्षणलाई जीवन्त र उद्देश्यपूर्ण रूपमा प्रस्तुत गर्नमा विधिको भूमिका महत्त्वपूर्ण हुने गर्छ। विधिको प्रयोगले पाठप्रति विद्यार्थीको ध्यान केन्द्रित गर्दै सिकाइलाई रुचिकर, स्थायी तथा टिकाउ बनाउनमा सहयोग गर्नुपर्छ। विधिले सिकाइमा सहजीकरण गर्दै विद्यार्थीको सिकाइ प्रगतिको मूल्याङ्कनमा सहायक बन्न सक्नुपर्छ (ठाकुर, २०६५)। राजनीतिशास्त्र शिक्षा शिक्षण विधि छनोट एक प्रमुख मापदण्डको रूपमा विषयवस्तुको प्रकृतिलाई लिइन्छ। सामान्यतया विषयवस्तु सरल वा कठिन, छोटो वा लामो, सैद्धान्तिक वा व्यावहारिक के कस्तो छ त्यसलाई आधार मान्दै उपयुक्त विधिको छनोट गर्नुपर्छ। पाठको उद्देश्य संज्ञानात्मक, भावनात्मक र मनोक्रियात्मक कुनसँग बढी नजिक छ त्यसलाई समेत सम्बोधन गर्ने गरी विधिको चयन गर्नुपर्ने हुन्छ। विधिको सिधा सम्बन्ध विद्यार्थीको सिकाइसँग सम्बन्धित रहने हुनाले उनको पूर्वज्ञान, उमेर, तह वा स्तरलाई समेत ध्यान

दिँदै छनोट गर्नुपर्ने हुन्छ । विधिको चयनमा विद्यार्थीको पूर्वज्ञान र अनुभवको सामञ्जस्यतामा समेत ध्यान पुऱ्याउनु पर्छ । शिक्षण संस्थाको भवन, कक्षाकोठा र अन्य भौतिक अवस्थालाई समेत ख्याल गर्नुपर्छ । कक्षाकोठाको वातावरणलाई समेत ध्यान दिनुपर्छ । शिक्षकलाई शिक्षणका लागि छुट्याएको समय र विद्यार्थी सङ्ख्यालाई समेत मध्यनजर गर्दै शिक्षण विधिको चयन गर्नुपर्छ । विधि छनोट गर्दा विद्यार्थीहरूको विशेष आवश्यकता, शारीरिक एवम् मानसिक परिपक्वतालाई ख्याल गर्दै पाठप्रतिको रुचि र जागरुकतालाई समन्वय गर्दै अघि बढाउन सक्नुपर्छ (Agrawal, 1997)। उनीहरूको ग्रहण गर्न सक्ने क्षमतालाई समेत ख्याल पुऱ्याउनुपर्छ। विधि चयन गर्दा स्वयम् शिक्षकको विषयवस्तुप्रतिको रुचि, क्षमता, अनुभवलगायतलाई ख्याल गर्दै उपयुक्त विधिको चयनमा शिक्षक चुक्नु हुन्न ।

राजनीतिशास्त्र शिक्षा शिक्षणमा प्रयोगमा ल्याउने विधिहरूलाई विषय शिक्षकले विद्यार्थीलाई केन्द्रमा राखी ठाउँ विशेषका आवश्यकता र अवस्थालाई समेत सम्बोधन हुने गरी उपयुक्त विधिको चयन गर्न सक्नुपर्छ । शिक्षकले कुन विधिको प्रयोग गरेर शिक्षण गऱ्यो भन्दा पनि सिकाइ भयो कि भएन, उनले पाठलाई रुचिकर हिसाबले विद्यार्थीकै संलग्नतामा सञ्चालन गरे गरेनन् भन्ने कुराले विशेष प्रभाव छाड्ने गर्छ । विधिले पाठप्रति विद्यार्थीको ध्यान खिच्दै रुचिकर, सरस, सरल र प्रभावकारी ढङ्गले विषयवस्तु सम्प्रेषित गर्दै उपलब्धिलाई प्राप्त गर्न सक्नुपर्छ (लुइँटेल, २०६८) । राजनीतिशास्त्र शिक्षणमा प्रयोगमा ल्याउन सकिने प्रमुख विधिहरूमा व्याख्यान, प्रदर्शन, प्रश्नोत्तर, शोधखोज, प्रयोगात्मक, क्षेत्रभ्रमण, व्यक्तिगत अध्ययन, परियोजना, सर्वेक्षण, समस्या समाधान, अन्वेषण, छलफल, भूमिका, अभिनय, सामाजिकृत अभिव्यक्ति, प्रयोगशाला, कथावाचन विधिलगायतलाई उपयोगमा ल्याउन सकिन्छ । शिक्षण विधिको प्रयोगलाई कक्षाकोठामा शिक्षकको एक लोकतान्त्रिक अभ्यासको रूपमा समेत बुझ्ने गरिन्छ (फूएल, २०८०ग) शिक्षकको व्यवहार र गतिविधिले विद्यार्थीलाई प्रत्यक्ष प्रभाव छाड्ने हुनाले उनको सहज प्रस्तुतिले कक्षाकोठाको वातावरणलाई रोमाञ्चक र सहिष्णु बनाउनुपर्छ । एकआपसमा सिक्ने सिकाउने अवस्थाको निर्माण गर्नुपर्छ । सिकाइमा हातेमालो, समन्वय र सहजीकरण गर्दै अघि बढ्नु पर्छ । सबैको बुझाइलाई सम्मान गर्दै ठिक बुझाइका लागि हौसला प्रदान गर्नुपर्छ । उनको भूमिका भनेको सिकाइप्रति रुचि जगाउनु हो, अभिप्रेरित गर्नु हो ।

## राजनीतिशास्त्र शिक्षा शिक्षणका प्रमुख विधिहरू

शिक्षणको निर्दिष्ट उद्देश्य प्राप्त गर्न शिक्षण विधिको आवश्यकता पर्छ । शिक्षणको क्रममा शिक्षक र विद्यार्थीहरू मिलेर गर्ने शिक्षण गतिविधि नै शिक्षण विधि हो । शिक्षण विधिको आफ्नो ऐतिहासिक पृष्ठभूमि छ । विभिन्न विद्वान्हरूले शिक्षण विधिको अत्यन्त सूक्ष्म विश्लेषण गरेका छन् । सोक्रेट्स र प्लेटोले शिक्षक र विद्यार्थीहरूमा वादविवाद पद्धतिमा विशेष जोड दिएका थिए (कैयूँम, २०६९) । समयक्रममा परम्परागत विधिहरूको आलोचना गर्दै विद्वान्हरूले बालमनोविज्ञानमा जोड दिँदै नवीन बालकेन्द्रित लोकतान्त्रिक विधिहरूको अनुसरण गर्नुपर्ने कुरामा जोड दिन थाले । यस अभियानले विद्यार्थी केन्द्रित विधिको अनुसरणमा मदत पुऱ्याएको थियो । शिक्षणलाई फलदायी बनाउँदै तार्किक निष्कर्षमा पुऱ्याउन शिक्षण विधिको चयन र प्रभावकारी प्रयोगले मदत पुग्छ । शिक्षण प्रक्रिया र शैक्षणिक प्रविधिको सुधार ल्याउने प्रयास निरन्तर अघि बढिरहेको छ । शिक्षकको योग्यता र क्षमता वृद्धि गर्न सम्बन्धित निकायले चासो राख्दै विधिको चयन र प्रयोगमा हमेशा मदत पुऱ्याउनु आजको आवश्यकता बन्न गएको छ ।

राजनीतिशास्त्र शिक्षा शिक्षणका विषयवस्तुहरू सहजताका साथ विद्यार्थीमाझ पुऱ्याउन अभ्यासमा रहेका प्रमुख विधि, अवधारणा, सबल पक्ष, दुर्बल पक्ष र प्रयोगको अवस्थालाई विश्लेषण र उदाहरणसहित चर्चा गरिएको छ ।

### *व्याख्यान विधि*

व्याख्यान विधि शिक्षणको प्राचीनतम तथा परम्परागत विधि हो । यस विधिमा शिक्षकले कक्षाकोठामा विषयवस्तु मौखिक रूपमा प्रस्तुत गर्छन् । यो एकतर्फी संवाद हो जहाँ शिक्षक सक्रिय वक्ताको रूपमा रहन्छन् र विद्यार्थी स्रोताको रूपमा रही जानकारी ग्रहण गर्छन् । वालेस (सन् २०१०) का अनुसार 'यो यस्तो शिक्षण प्रणाली हो जहाँ शिक्षकले विद्यार्थीलाई एउटा विस्तारित अवधि (साधारणतया ४५ मिनेटदेखि १ घण्टा) भर विद्यार्थीलाई बोलेर सुनाउँछन् ।' उनी यस सम्बन्धमा थप्दछन् 'आश्यतः यो एउटा एकतर्फी अन्तरक्रिया हो तर यसमा अनेक विविधता रहेका छन् ।' (पृ. ४५) यसरी हेर्दा यो विधिमा शिक्षकले वक्ताको रूपमा मौखिक रूपमा विषयवस्तु प्रस्तुत गर्छन् र विद्यार्थी स्रोताको रूपमा रहन्छन् । अतः शिक्षकको सक्रियता र विद्यार्थीको निष्कृयता व्याख्यान विधि प्रयोग गरिएको कक्षाको मूल विशेषता हुन्छ ।

यस विधिको प्रमुख दुर्बल पक्ष भनेको नै विद्यार्थीहरूको निष्कृयता हो जहाँ उनीहरूले गरेर सिक्ने अवसर नै प्राप्त गर्दैनन् । विषयवस्तुको गहिराइमा पुग्न सकिँदैन साथै विद्यार्थीको तत्काल प्रतिक्रिया प्राप्त गर्न सकिँदैन । यस किसिमको शिक्षण निरश हुने, व्यक्तिगत भिन्नताको बेवास्ता हुने र सिकाइ भ्रामक हुने सम्भावना बढी हुन्छ । यस विधिमा आत्मूल्याङ्कनका लागि पृष्ठपोषणको स्वरूप अत्यन्त कमजोर हुन्छ ।

व्याख्यान विधिका केही फाइदाहरू पनि छन् । यस विधिमा शिक्षण गर्दा थोरै समयमा ठूलो सङ्ख्याका विद्यार्थीलाई धेरै विषयवस्तुको प्रवाह गर्न सकिन्छ । यस विधिको प्रयोगले विगतको पाठसँग हालको पाठलाई सम्बन्ध कायम गर्दै शिक्षण गर्न सजिलो हुन्छ । यसमा सन्दर्भअनुसारका प्रसङ्गहरूलाई जोड्न सकिने हुनाले यो लचिलो र कतिपय मामलामा सिर्जनशील विधि पनि हो । यस विधिबाट विद्यार्थीमा धैर्यतापूर्वक सुन्ने बानीको विकास हुन्छ ।

प्राचीनकालदेखि नै प्रयोगमा आएको यो विधि विकसित मुलुकहरूले न्यून रूपमा मात्र प्रयोग गर्ने गर्छन् भने विकासोन्मुख मुलुकहरूमा आधुनिक सामग्रीको अभाव, शिक्षक विद्यार्थीको अनुपात, पाठ्यक्रमको परम्परागत ढाँचा, परम्परागत संस्कारलगायतले जतिसुकै गाली गरे पनि यही विधिको अभ्यास बढी देख्न पाइन्छ । शिक्षकको मात्र सक्रियता र विद्यार्थीको निष्क्रियतामा सिकाइ नहुने हुनाले विभिन्न बाहना बनाएर यो विधिको उपयोग गर्नेभन्दा पाठ्यक्रम, परीक्षा प्रणालीलगायतमा सुधार गर्दै यो विधिको उपयोगलाई कम गर्दै जानु पर्छ (Poudel, 2012) । तथापि राजनीतिशास्त्र शिक्षामा पाठको सुरु परिचय दिन, सारांश बताउन र विद्यार्थीले सोधेको प्रश्नको उत्तर दिन यो विधिको अवलम्बन उपयुक्त हुने गर्छ । जस्तो विभिन्न शासन प्रणालीको दृष्टान्तसहित परिचय दिन यो विधिको प्रयोग गरिन्छ ।

### *छलफल विधि*

व्याख्यान विधि झैं यो पनि प्राचीन विधि अन्तर्गत नै पर्छ । यही विधिको प्रयोग गरेर सोक्रेट्स र प्लेटोले ज्ञान दिने गर्दथे (भण्डारी, २०७१) । यसमा शिक्षक र विद्यार्थी बिच परस्पर संवाद, विचार आदानप्रदान तथा विषयवस्तुको विश्लेषणमार्फत विषयवस्तु आदानप्रदान गर्ने काम हुन्छ । यो विशिष्ट प्रकारको वार्तालापमा आधारित हुन्छ । विचारहरूको परस्पर आदानप्रदानबाट समस्याको समाधान लोकतान्त्रिक तौरतरिकाबाट खोजिन्छ । यस विधिमा शिक्षक मार्गदर्शकको रूपमा रहन्छन् भने विद्यार्थीहरूले सक्रिय सहभागिता जनाउने गर्छन् ।

छलफल विधिका सबल पक्षमा यसले वास्तविक सिकाइ प्रदान गरी विद्यार्थीहरूको सहभागिता बढाउँदछ । विद्यार्थीहरूमा तार्किक क्षमताको विकासमा मदत पुऱ्याउँछ र उनीहरू तर्क र प्रमाणको आधारमा विश्लेषण गर्ने गर्छन् । सहयोगी, समन्वयात्मक भावना, सामूहिक भावना र सहकार्यको विकासमा मदत मिल्दछ । सिकाइमा सक्रिय सहभागिता, आलोचनात्मक सोचको विकास, विषयवस्तुप्रतिको गहिरो बुझाइ, लोकतान्त्रिक मूल्यको अभ्यासमा शिक्षण विधिले विद्यार्थीलाई हमेशा मदत पुऱ्याउँछ । भाषिक तथा प्रस्तुतीकरण क्षमतामा वृद्धि र समसामयिक राजनीतिक घटनाको विश्लेषणमा मदत मिल्दछ । भाषणकला र नेतृत्व सिपको विकास तथा आत्मविश्वास र मनोवैज्ञानिक विश्वास आर्जनमा सहयोगी विधि हो । यो विधिले शिक्षण भन्दा सिकाइमा जोड दिँदै विद्यार्थीहरूको सहनशीलताको भावनाको विकासमा मदत पुऱ्याउँछ ।

छलफल विधिको केही बेफाइदाहरू समेत छन् । सानो कक्षा र ठूलो सङ्ख्याको विद्यार्थीमा यो विधिको प्रयोग गाह्रो हुन्छ । कहिलेकाहीँ छलफलले अनावश्यक विवादको रूप धारण गर्न सक्छ । विषयबाट विचलित हुने सम्भावना रहन्छ । सबैलाई समान सहभागिता गराउन कठिन हुन्छ । । यो विधिको प्रयोगले बढी समयको माग गर्छ साथै प्रशिक्षणको अभावमा छलफल प्रभावहीन बन्न सक्छ । यसर्थ समय र खर्चको हिसाबले यो महङ्गो विधि हो साथै कहिलेकाहीँ छलफल विषयान्तर भई सही निष्कर्षमा पुग्न नसकिने हुन्छ ।

राजनीतिशास्त्र शिक्षामा छलफल विधिको प्रयोग गर्दा छलफलका विभिन्न स्वरूपहरू एकीन गरी प्रक्रियागत चरणहरू क्रमशः पार गर्दै छलफलको आयोजना गर्नुपर्छ । विषयवस्तुको चयन गर्दा होशियारी अपनाउने र समूह विभाजन लोकतान्त्रिक ढङ्गले गर्नुपर्छ । आवश्यक नियम र सहमति निर्माण गर्दै छलफलको आयोजना गर्ने र सबैको सहभागिताको सुनिश्चितता गर्नुपर्छ । शिक्षक सहयोगी, उत्प्रेरक रूपमा प्रस्तुत हुँदै छलफलको अन्त्यमा समीक्षा वा पृष्ठपोषण दिनुपर्छ । जस्तो सङ्घीय र केन्द्रीकृत शासनप्रणालीका सबल र दुर्बल पक्षलाई आधार मानेर स्नातक र स्नातकोत्तर तहमा छलफलको आयोजनामार्फत शिक्षण गर्न सकिन्छ । यो विधिको प्रयोगले विद्यार्थीहरूमा आलोचनात्मक सोच, विश्लेषणात्मक क्षमता, अभिव्यक्तिको क्षमता र सहकार्यको भावना विकासको लागि मदत गर्छ । कुनै पनि विषयलाई बहुपक्षीय दृष्टिकोणबाट हेर्ने, तर्क गर्न सक्ने र सहिष्णुता अपनाउने क्षमता प्रदान गर्छ । यसर्थ छलफल विधि केवल जानकारी सम्प्रेषणको माध्यम मात्र होइन यो सुन्न, बुझ्न, विश्लेषण गर्न र विचार प्रस्तुत गर्न सक्षम बनाउने विधि हो ।

छलफल विधिमा विद्यार्थी सक्रिय र शिक्षक उत्प्रेरक र सहजकर्ताको रूपमा रहन्छन् । सहयोगी, सल्लाहकार, प्रोत्साहक, सङ्क्षेपकर्ता, शङ्का निवारकको रूपमा रहने शिक्षकले छलफलका विषयवस्तु चयन गर्दा विविध पाटा पक्षलाई ख्याल गर्नुपर्छ । कुराकानी र विचारविमर्शबाट सिक्ने वातावरणका लागि प्रेरित गर्नुपर्छ । छलफलले संवाद गर्दागर्दै अन्त्यमा सारतत्त्व प्राप्त हुन्छ भन्ने मर्म बोकेको हुनाले समस्याको छनोट गर्दा यसतर्फ समेत ध्यान केन्द्रित रहनु पर्छ । यस्तो पनि भनाइ छ- “दुईवटा टाउकाहरू एउटा टाउको भन्दा बढी बुद्धिमान हुन्छन् र जब धेरै टाउँकाको मिश्रणबाट समस्याको समाधान खोजिन्छ, चाखलाग्दा परिणामहरू प्राप्त गर्न सकिन्छ” (शर्मा, २०७५ख) । विषय, प्रश्न र समस्याप्रति सामूहिक छलफलबाट वस्तुनिष्ठ आधारमा निष्कर्षमा पुग्ने काम हुने हुनाले विद्यार्थी सक्रिय रहन्छन् भने शिक्षक सहयोगी र मार्गनिर्देशकको रूपमा रहनु पर्छ । राजनीतिशास्त्र शिक्षाअन्तर्गत स्नातक र स्नातकोत्तर तहका विभिन्न विषयका कैयौँ पाठहरूमा यसको प्रयोग गर्न सकिन्छ ।

### *समस्या समाधान विधि*

समस्या समाधान विधि एक विद्यार्थी केन्द्रित शिक्षण विधिअन्तर्गत पर्छ । समस्या समाधान विधिको ऐतिहासिकताको खोजी गर्दा ग्रिसका शिक्षाशास्त्री र दार्शनिकहरू सक्रेट्स र प्लेटोले यो विधिको प्रयोग गरेका थिए । त्यसताका यस विधिले विद्यार्थीहरूलाई चिन्तन प्रक्रियाबाट ज्ञान निर्माण गर्नका लागि प्रयोगमा ल्याइएको थियो (शर्मा, २०६१) । शिक्षणको सिलसिलामा विद्यार्थीहरूले समस्या समाधानका लागि स्वतन्त्रता र अवसरहरू निरन्तर प्राप्त गर्छन् । समस्या समाधानको सिलसिलामा उपस्थित हुने बाधालाई पन्छाउँदै लक्ष्यको प्राप्तिलाई समाधानको रूपमा लिइन्छ । यस विधिमा सैद्धान्तिक ज्ञानलाई व्यावहारिक कार्यमा जोड्ने प्रयास हुन्छ । विद्यार्थीले तथ्याङ्क सङ्कलन गर्छन् र सोको आधारमा वैज्ञानिक र व्यावहारिक समाधान खोज्ने काम हुन्छ ।

समस्या समाधान विधिका फाइदाहरूमा यसले विद्यार्थीहरूमा चिन्तनपूर्ण विचार, सिर्जनात्मक अभिव्यक्ति, आलोचनात्मक विश्लेषण र तार्किकताको विकासमा मदत पुऱ्याउँछ । प्राकृतिक रुचि र अर्न्तनिहित प्रतिभाको विकासमा मदत पुग्छ । समस्यालाई बुझ्ने, परिभाषित गर्ने र सीमाङ्कन गर्ने क्षमताको विकासमा मदत मिल्दछ । यसले नयाँ ज्ञानको खोजी गर्ने, धैर्य र पुनः प्रयास गर्ने क्षमताको विकास हुने एवम् सक्रिय सिकाइका लागि प्रेरित गर्छ । सहकार्य र सञ्चार कौशलताको अभिवृद्धिमा मदत मिल्दछ ।

समस्या समाधान विधिका केही बेफाइदाहरू पनि छन् । सर्वप्रथम समस्याको पहिचान गरी विषयको छनोट गर्न गाह्रो हुन्छ । समय र खर्चको हिसाबले यो महङ्गो विधि हो । सबै तहका लागि यो उपयुक्त हुँदैन । सामग्री सङ्कलन र विश्लेषणको धैर्यताको कमीलाई अर्को बेफाइदाको रूपमा लिइन्छ । सबै विद्यार्थीको समान सक्रियता पाउन सकिँदैन । पर्याप्त शैक्षिक सुविधाको अभावमा यसको प्रयोग गाह्रो हुन्छ ।

राजनीतिशास्त्र शिक्षामा यो विधिको उपयोग गर्दा सर्वप्रथम शिक्षकले समस्याको चरणहरूको बारेमा सचेत रही पालना गर्दै अघि बढ्नु पर्छ । यसलाई कक्षा शिक्षणको विधिको रूपमा भन्दा रणनीतिक ढङ्गले उपयोग गर्नुपर्छ । नयाँ परिस्थिति र अवस्थालाई ख्याल गर्दै समस्याको समाधान खोज्ने प्रयास

गर्नुपर्छ । शिक्षकले आवश्यक पूर्वतयारी र प्रभावकारी भूमिका निर्वाह गर्नुपर्छ तर समस्या समाधानका लागि विद्यार्थीलाई स्वतन्त्र छोड्नु पर्छ । अनावश्यक हस्तक्षेप गर्न हुन्न तर सहजीकरण भने गर्नुपर्छ । सबैको सहभागितालाई सुनिश्चित गर्नुपर्छ । सबै पक्षमा शिक्षकले ध्यान दिँदा समस्या समाधान विधिले विद्यार्थीमा सक्रिय सोच, आत्मविश्वास र सहकार्य सिपहरू विकास गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ ।

राजनीतिशास्त्र शिक्षाका विभिन्न पाठहरूमा शिक्षकले यो विधिको उपयोग गर्न सक्छन् । यसमा शिक्षकले पाठलाई समस्याको रूपमा प्रस्तुत गर्दै आवश्यक सूचना, जानकारी तथा तथ्याङ्क सङ्कलन र विश्लेषण गर्दै समाधानका लागि प्रेरित गर्नुपर्छ (Biswas, 2007) । समस्या समाधानका विभिन्न विकल्पहरू प्रस्तुत गर्दै वैज्ञानिक निष्कर्षको लागि सहजीकरण गर्नुपर्छ । सुशासनका आधारहरूको खोजी गर्नुलाई समस्याको रूपमा प्रस्तुत गर्न सकिन्छ । त्यस्तै नेपाली महिलाहरूमा देखिएका समस्या र समाधानका उपायहरूमा यस विधिको उपयोग गर्न सकिन्छ ।

### *प्रश्नोत्तर विधि*

प्रश्नोत्तर विधिमा शिक्षकले प्रश्नउत्तर सत्रमार्फत ज्ञान निर्माण गराउँदछन् । यो विधि सर्वप्राचीन विधि हो जहाँ दार्शनिक सोक्रेट्सले प्रयोगमा ल्याएका थिए, जसमा शिक्षकले निरन्तर प्रश्न गरेर विद्यार्थीको सोचलाई सक्रिय बनाउँदछ (शिवाकोटी, २०७२) । यहाँ सिक्ने काम प्रश्नोत्तरबाट सुरु र अन्त्य हुन्छ । यहाँ प्रश्नोत्तरको प्रयोग बारम्बार भइरहन्छ । शिक्षक र विद्यार्थी दुवैको सक्रियता यस विधिमा आवश्यक पर्छ । आधुनिक शिक्षणमा यो विधिले विश्वास, विवेचना र तार्किक सोच विस्तार गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ ।

प्रश्नोत्तर विधिका फाइदाहरूमा यसले विद्यार्थीहरूमा उत्सुकता, सजगता, सरलता, र सक्रियता उत्पन्न गरी संवाद कौशलताको विकासमा मदत गर्छ । आपसी सम्बन्ध र सद्भावना विकसित गराउँछ । विचारलाई सङ्गठित गर्न र प्रभावकारी अभिव्यक्तिका लागि प्रोत्साहित गर्छ । आलोचनात्मक एवम् विश्लेषणात्मक सोचको अभिवृद्धि गर्दै स्वमूल्याङ्कनका लागि प्रेरित गर्छ । सक्रिय सहभागिताका लागि, तत्काल प्रतिक्रिया दिन अग्रसर गराउँदै विद्यार्थीहरूलाई प्रश्नोत्तरका नियम सिक्न यस विधिले मदत पुऱ्याउँछ ।

प्रश्नोत्तर विधिका बेफाइदाहरूमा ठूलो सङ्ख्याका विद्यार्थीमा यसको प्रयोग गर्न गाह्रो हुन्छ । धेरै समय लाग्ने भएको हुनाले तोकिएको समयमा कोर्स समापन गर्न सकिँदैन । विद्यार्थीहरूको समान सहभागिता गराउन गाह्रो हुन्छ । शिक्षकको कुशलता र योग्यताको कमी भएमा समस्या आउन सक्छ । ज्ञानको गहिराइमा पुग्न गाह्रो हुन्छ र उत्तरको विविधताले अन्योलता थप्न सक्छ । तर राजनीतिशास्त्र शिक्षामा यो विधिको अवलम्बन गर्दा प्रश्नको आदानप्रदान गर्दा गलत प्रश्न र उत्तरलाई शिक्षकले सच्याउनु पर्छ । पाठको छनोट होशियारीपूर्वक गर्दै पढेर आउने समय विद्यार्थीलाई उपलब्ध गराउनु पर्छ । स्पष्ट स्वरमा प्रश्न गर्नुपर्छ र सबै विद्यार्थीलाई समान अवसर प्रदान गर्नुपर्छ । प्रश्नोत्तरलाई डर वा तनावको बिच होइन सकारात्मक वातावरण निर्माण गर्दै अघि बढाइनु पर्छ । आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गर्नुपर्छ । केवल सही गलत मात्र होइन, संवाद, प्रक्रिया, सोचको स्पष्टता र तार्किकताको आधारमा मूल्याङ्कन गर्दै अघि बढ्नु पर्छ ।

राजनीतिशास्त्र शिक्षासँग सम्बन्धित विभिन्न विषयमा यो विधिको अवलम्बन गर्दै विषयवस्तुलाई रोचक र प्रभावकारी ढङ्गले प्रस्तुत गर्न सकिन्छ । यसमा शिक्षकले सर्वप्रथम प्रश्नपत्रको तयारी होशियारीपूर्वक गर्नुपर्छ । प्रश्न विशिष्ट र एक वाक्यमा उत्तर आउने हुनुपर्छ । शिक्षकले एक एक गरेर प्रश्न सोध्ने र उत्तरलाई टिप्दै जाने साथै केही अस्पष्टता र अपुग उत्तरलाई प्रष्टता र पूर्णता प्रदान गर्दै अघि बढ्नु पर्छ । उत्तरपछि उनको प्रतिक्रिया देखिनु पर्छ । प्रश्नहरू एक दोस्रोसँग श्रृङखलाबद्ध रूपमा सञ्चालनमा रहनु पर्छ । सामान्यतया पूर्वज्ञानको परीक्षण गर्न, सिकाइप्रति रुचि जगाउन, पुनरावलोकन गर्न, स्वःमूल्याङ्कन गर्न, सोच्ने क्षमताको विकास, अभिव्यक्ति क्षमताको विकास गर्न, विचारप्रति स्वीकृति वा अस्वीकृति पत्ता लगाउन यो विधिको अवलम्बन गर्न सकिन्छ । संसदीय शासनप्रणालीमा कार्यपालिका र व्यवस्थापिकाबिचको सम्बन्धलाई विभिन्न प्रश्न निर्माण गर्दै पाठलाई जीवन्त बनाउन सकिन्छ ।

### *क्षेत्र भ्रमण विधि*

निश्चित शैक्षिक उद्देश्य प्राप्तिका लागि विद्यार्थीहरूलाभई कक्षाकोठा भन्दा बाहिरको गतिविधिमा साक्षात्कार गराउँदै विषयवस्तु उपलब्ध गराउने विधि क्षेत्र भ्रमण हो । ग्रीस रोमन काल देखि नै विद्यार्थीहरूलाई वन, भौगोलिक स्थल, ऐतिहासिक भवनलगायतको भ्रमण गराउने प्रचलन रहेकाले यसलाई पनि सर्वप्राचीन विधिको रूपमा लिइन्छ । यो यस्तो शिक्षण विधि हो जसले विद्यार्थीहरूलाई कक्षा बाहिर कुनै स्थलमा लिएर जान्छ, जहाँ उनीहरूले व्यावहारिक अवलोकन, अनुसन्धान, स्थानीय संशाधन वा ऐतिहासिक स्थलसँग अन्तरक्रिया मार्फत सिक्ने अवसर प्राप्त गर्छ । यहाँ विद्यार्थीहरूलाई ज्ञानको वास्तविक अनुभव गराई समुदायलाई विद्यालयसँग जोड्ने काम हुन्छ ।

क्षेत्र भ्रमण विधिका सबल पक्षहरूमा शैक्षिक संस्थाहरूलाई समुदायसँग जोड्दै अन्तरसम्बन्धको विकासमा मदत मिल्दछ । विद्यार्थीहरूले स्वक्रियालाप मार्फत प्रत्यक्ष अनुभव प्राप्त गर्छन् । सामाजिक समस्या बुझ्न र व्यावहारिक समाधान खोज्नमा मदत मिल्दछ । सिकाइ आकर्षक, रोचक, प्रभावकारी र दीर्घकालीन हुन्छ । विद्यार्थीहरूमा एकता र सहयोगी भावनाको विकासमा सहयोगी हुन्छ । मनोरञ्जन र अन्वेषणको मौका एकैसाथ प्राप्त हुन्छ साथै सैद्धान्तिक ज्ञानलाई परिमार्जित एवम् परिष्कृत गर्नमा मदत मिल्दछ । सामूहिक सहकार्य र संवाद कौशलतालाई जोड दिँदै अनुभवमा आधारित शिक्षणका लागि यो विधि फलदायी मानिन्छ ।

क्षेत्र भ्रमण विधिका बेफाइदाहरूमा यो विधिलाई निरन्तर आयोजना गर्न गाह्रो हुन्छ । समय र खर्चको हिसाबले यो खर्चालु विधि हो । सबैले समान ढङ्गले सिक्ने अवसर प्राप्त गर्दैनन् । भ्रमणमा गएकाले नकरात्मक गतिविधिमा संलग्न रहेमा शैक्षिक संस्थासँगको सम्बन्धमा तिक्तता आउन सक्छ । प्रशासनिक व्यवस्था मिलाउन कठिनाइ हुनाको साथै भ्रमण शुद्ध मनोरञ्जनमा मात्र सीमित हुने सम्भावना हुन्छ ।

राजनीतिशास्त्र शिक्षामा यो विधिको उपयोग गरेर विषयवस्तुलाई सजीव ढङ्गले प्रस्तुत गर्न सकिन्छ । जसको लागि विषय शिक्षकले पाठ्यक्रमको उद्देश्यलाई व्यावहारिक रूपमा पूरा गर्ने खालको विषयवस्तुको छनोट गर्न सक्नुपर्छ । विद्यार्थीहरूलाई तयारी, अवलोकन र लेखाजोखाका लागि निरन्तर

प्रेरित गरिरहनु पर्छ । बौद्धिक सिप र क्षमताको विकाससँग सम्बन्धित भएर क्षेत्र भ्रमण गराउनु पर्छ । राजनीतिशास्त्र शिक्षाअन्तर्गत संसद, संवैधानिक आयोग, मन्त्रालयहरू स्थानीय तहलगायतको भ्रमण गराएर विधायिक प्रक्रियाको प्रत्यक्ष अनुभव गराउन सकिन्छ ।

राजनीतिशास्त्र शिक्षा शिक्षणको सिलसिलामा यसका विषयवस्तु क्षेत्रभ्रमणबाट समेत वास्तविक ज्ञान र अनुभव दिलाउन सकिन्छ । भ्रमणलाई रमाइलोमा सीमित हुन नदिन आवश्यक निर्देशन र वस्तुस्थिति एवम् तथ्यको जानकारी लिनका लागि प्रेरित गर्नुपर्छ । आवश्यक छलफलका लागि वातावरण बनाउनु पर्छ । बुँदाटिपोट गर्दै प्रतिवेदन तयार गर्न विद्यार्थीलाई निर्देशन दिनुपर्छ । विषयवस्तुअनुसार भ्रमण गर्ने स्थानको विविधता वा एउटै स्थानमा गएर पनि विभिन्न विषयवस्तुको अनुभव लिने अवस्थाको निर्माण गर्नुपर्छ । संसद भवन, आमसभा, स्थानीय पालिकाका कार्यालय, निर्वाचन स्थल, विभिन्न सरकारी कार्यालय, ऐतिहासिक महत्त्वका क्षेत्र लगायतमा लगेर राजनीतिशास्त्र शिक्षासँग सम्बन्धित वास्तविक ज्ञान दिलाउन सकिन्छ । यस्ता भ्रमणले विद्यार्थीहरूलाई समस्यासँग साक्षात्कार गराउँदै समस्या समाधानका विकल्प प्रस्तुत गर्नमा मदत पुऱ्याउँछ ।

## निष्कर्ष

राजनीतिशास्त्र एक ऐतिहासिक र पूर्ण विकसित विषय भएको हुनाले यो एक विधा हो । राजनीतिक शिक्षा निरन्तर चलिरहने चेतनामूलक सामाजिकीकरणको एक प्रक्रिया हो । राजनीतिशास्त्र शिक्षा शिक्षण कौशलसँग सम्बन्धित एक तालिम कार्यक्रम हो । यसले शिक्षकलाई तोकिएका विषयवस्तु विद्यार्थीमाझ प्रस्तुत गर्ने कला र सिप प्रदान गर्छ । पाठ्यक्रमको विश्लेषण, उद्देश्यको निर्माण, पाठ्यांशको विश्लेषण, सामग्रीको छनोट, निर्माण र प्रयोग, विधि छनोट, मूल्याङ्कनलगायत कार्यमा सहयोग पुऱ्याउँछ । राजनीतिशास्त्र शिक्षाले मनुष्यलाई राजनैतिक गतिविधिसँग सम्बन्धित विषयको अध्ययन गराउँदै राजनीतिक गतिविधिमा आलोचनात्मक चेतका साथ प्रस्तुत हुन मदत पुऱ्याउँछ । यसले शिक्षण विधि छनोटका आधारहरू प्रस्तुत गर्दै उपयुक्त विधि छनोटका लागि प्रेरित गर्छ ।

नेपालको सन्दर्भमा खास गरी उच्च तहको शिक्षणमा प्रवचन विधि पर्यायको रूपमा देखिन्छ । अनेकौं कारण अघि सारेर यही विधिको अभ्यास बढी हुने गरेको पाइन्छ । यसरी प्रवचन विधिलाई न्यूनीकरण गर्दै विद्यार्थीका सिकाइजन्य अनुभवलाई प्रश्रय दिने विधिहरूको खोजी तथा तिनको प्रयोग यस क्षेत्रको चुनौतिको रूपमा रहेको छ । यी चुनौतिलाई सम्बोधन गर्ने सन्दर्भमा छलफल, समस्या समाधान, प्रश्नोत्तर र क्षेत्रभ्रमण विधिलाई प्रमुख वैकल्पिक विधिको रूपमा यस लेखमा अघि सारिएको छ । यस लेखको समग्र दायरा राजनीतिशास्त्र शिक्षाभित्र परिसीमित रहेको भएता पनि यसको अन्तर्य सामाजिक विज्ञानका अन्य विषयहरूको शिक्षणका लागि समेत उत्तिकै सान्दर्भिक र प्रभावकारी हुने प्रशस्त सम्भावना बोकेको छ ।

शिक्षण विधिको प्रकृति फरक फरक हुनाले समय, अवस्था, परिस्थिति, विद्यार्थीको रुचि चाहना, सन्दर्भ लगायतले सिधैँ यही विधि उपयुक्त हुन्छ भन्न सकिँदैन । राजनीतिशास्त्र शिक्षा शिक्षणमा यही विधि ठिक हुन्छ भनेर ठोकुवा गर्न नसके पनि विधि छनोटका मापदण्डलाई सम्बोधन गर्दै अघि बढ्नु

पर्छ । विषयवस्तुको प्रस्तुतिलाई सहज बनाउँदै दिशानिर्देश गर्ने काममा विधिले मदत पुऱ्याउनु पर्छ । शिक्षण विधिले सिकाइका सम्बद्ध पक्षहरूलाई जोड्न सक्नुपर्छ । यसले परिणामको गुणलाई निश्चित गर्न सक्नुपर्छ ।

राजनीतिशास्त्र शिक्षा शिक्षणमा पाठको प्रकृति र विद्यार्थीको रुचिलाई प्राथमिकता राखी अन्य पक्षलाई समेत सम्बोधन हुने गरी विधि चयन गर्नुपर्छ विधि चयनले विद्यार्थीको सिकाइमा सहभागिताको लागि प्रोत्साहन गर्नुपर्छ । यस लेखमा राजनीतिशास्त्र शिक्षाको शिक्षणको सिलसिलामा अवलम्बन गरिने विभिन्न विधिहरूको सम्भावनालाई औँल्याउँदै व्यवहारमा आइरहने प्रमुख व्याख्यान, छलफल, प्रश्नोत्तर, समस्या समाधान र क्षेत्रभ्रमण विधिको अवधारणा, सबल र दुर्बल पक्ष र प्रयोगका क्षेत्रहरूको बारेमा तुलना र विश्लेषण प्रस्तुत गरिएको छ । राजनीतिशास्त्र शिक्षा विषयको शिक्षकले शिक्षण विधिको छनोट प्रभावकारी उपयोगको लागि सर्तकता अपनाउँदै विद्यार्थी केन्द्रित विधिको उपयोगमा जोड दिनुपर्छ । यसका लागि पाठ्यक्रम र यस विषयका विषयवस्तुलाई सामयिक ढङ्गले प्रस्तुत गर्दै यसतर्फ शिक्षकलाई समेत अभिमुखीकरण गर्नुपर्छ ।

## सन्दर्भसामग्री

कैयूँमा, अब्दुल (२०६९), *राजनीतिशास्त्र शिक्षण,* हाइल्यान्ड प्रकाशन प्रालि ।
घिमिरे, भावना (२०६६), *सामाजिक अध्ययन शिक्षण,* प्रशान्ति प्रकाशन ।
ठाकुर, इन्द्रदेव (२०६५), *सामाजिक अध्ययन शिक्षण,* रत्नपुस्तक भण्डार ।
फूएल, श्यामप्रसाद (२०८१क), *राजनीतिकशास्त्र शिक्षण,* सनलाइट पब्लिकेसन ।
फूएल, श्यामप्रसाद (२०७५ख), *राजनीतिशास्त्र शिक्षा शिक्षण विधि,* सनलाइट पब्लिकेसन ।
फूएल, श्यामप्रसाद (२०८०ग), *सामाजिक न्याय र नागरिक शिक्षा,* आज्ञा फूएल ।
भण्डारी, बुद्धिप्रसाद (२०७१), *राजनीतिक विचार धारा र वादहरू,* पैरवी प्रकाशन ।
लुइँटेल, चक्रपाणि (२०६८), *सामाजिक अध्ययन शिक्षण,* निमा पुस्तक प्रकाशन ।
श्रेष्ठ, कल्याणी (२०५५), *सामाजिक अध्ययन शिक्षण,* रत्न पुस्तक भण्डार ।
शर्मा, कुवेरनाथ (२०६१क), *शिक्षणशास्त्र,* रत्न पुस्तक भण्डार ।
शर्मा, कुवेरनाथ (२०७५ख), *शिक्षणशास्त्र,* रत्न पुस्तक भण्डार ।
शर्मा, चिरञ्जीवी (२०६१), *शिक्षाका आधारहरू,* एम.के. पब्लिसर्स एन्ड डिष्ट्रीब्युटर्स ।
शिवाकोटी, गोपाल (२०७२), *विश्वका चर्चित राजनीतिक विचारधारा,* रत्न पुस्तक भण्डार ।
Agrawal, J. C. (1997). *Teaching of social studies*. Vikas Publishing House Pvt. Ltd.
Biswas, B.C. (2007). *Learn and teach geography*. Author Press.
Kochhar, S.K. (1967). *Methods and techniques of teaching*. Sterling Publishers.
Poudel, K.K. (2012). From a 'lecturer' to a 'learning direction'. *Anveshan Journal*, *23*, 126-134.
Wallece, M. J. (2010). *Training foreign language teaching: A reflective approach*. Cambridge University Press.